बुद्धशान्ति गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत आ.व. २०८०/०८१ को वैसाख महिना सम्मको प्रगति प्रतिवेदन प्रस्तुतिः

१. गाउँपालिकाको भुगोल तथा जनसंख्या सम्वन्धी विवरणः

बुद्धशान्ति गाउँपालिका पूर्वी नेपालको झापा जिल्लाको उत्तरपूर्वी भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो । वि.सं. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास

Scanned with CamScanner

मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा झापा जिल्लामा साविकको बुधबारे र शान्तिनगर गाउँ विकास समितिहरूलाई बुद्धशान्ति गाउँपालिका बनाइएको हो । बुद्धशान्ति गाउँपालिकाको कूल क्षेत्रफल ७९.७८ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ७ वडामा विभाजन गरिएको छ । राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्या ५३,०१० रहेको छ । यहाको लैङ्गिक अनुपात प्रति १०० महिलामा ९१.०३ पुरुष रहेको छ । कुल १३२८५ घरधुरी रहेको यस गाउँपालिकामा ८४.७ प्रतिशत साक्षरता रहेको छ ।जसमा पुरुष साक्षरता ९०.१ प्रतिशत र महिला साक्षरता ८० प्रतिशत रहेको छ । यस गाउँपालिकामा जम्मा ५७ जातजातिका मानिसहरुको वसोवास रहेको छ। सवैभन्दा वढी पहाडी व्राम्हण जाति ३५.३५ प्रतिशत, त्यस्तै अन्य क्रमशः लिम्वु १३.१७ प्रतिशत, क्षत्री १२.०४ प्रतिशत, विश्वकर्मा ७.४५ प्रतिशत, राई ५.९९ प्रतिशत रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा मेचीनगर नगरपालिका पश्चिममा अर्जुनधारा नगरपालिका उत्तरमा इलाम जिल्ला तथा दक्षिणमा मेचीनगर र अर्जुनधारा नगरपालिका सम्म फैलिएको छ । मेची राजमार्गमा रहेको बुधबारे चोकको पश्चिममा रहेको साबिक बुधबारे गा.बि.स. को कार्यालयलाई गाउँपालिकाको केन्द्र तोकिएको छ। प्रत्येक हप्ता बुधबार लाग्ने साबिक बुधबारे तथा शान्तिनगर गा.बि. स. को पुरानो बजार बुधबारे बजार पनि गाउँपालिका कार्यालयबाट करिब २०० मि. पूर्व रहेको छ जहाँ अहिले पनि सदाझैं उत्तिकै उत्साहपूर्बक किनमेल तथा हाट बजार गर्ने संस्कृति पाईन्छ । यो गाउँपालिका मुख्यतया धान, सुपारी, चिया, तरकारी, तोरी तथा मकै खेतिको लागि चिनिने गरेको छ । हाल धेरै संख्यामा यहाका कृषकहरु पशुपालनमा पनि आकर्षित रहेको पाईन्छ । पशुपालन अन्तर्गत यस गाउँपालिकामा वाख्रापालन, गाइपालन तथा वङ्गुरपालनमा कृषकहरु आकर्षित भएको पाइन्छ । दुध तथा मासु विक्रीआय यहाको पशुपालक कृषकको मुख्य आयश्रोत रहेको छ । बुद्धशान्ति गाउँपालिकाले शहरीकरणलाई व्यवस्थित गरि आधुनिक शैलीको नगर व्यवस्थापन गर्न यहाँ रहेका आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक तथा पर्यटन



बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

क्षेत्रको बिकास तथा प्रबर्धन गर्न बुद्धशान्ति गाउँपालिका तथा गाउँपालिकाबासी अग्रसर रहेको पाइन्छ । व्यवस्थित शहरीकरण गरी यो गाउँपालिकाले चाडै नै आधुनिक सहरको रुपमा काँचुली फेर्छ भन्ने बिश्वास गर्न सकिन्छ। विविध जातजाति, धर्म, वर्ग, पेशा व्यवसाय भएका मानिसहरुको शान्तिपूर्ण रुपमा धार्मिक सहिष्णुता कायम राख्दै आपसी मेलमिलाप तथा हातेमालो गरि बसोबास गरेको यस गाउँपालिकामा थुप्रै सम्भावनाहरु रहेका छन् । पहाडको चिसो संगसंगै मधेशको सुरुवाती तापको सम्मिश्रण रहेको यो गाउँपालिकालाई अनुकुल वातावरण, प्राकृतिक सुन्दरता तथा धार्मिक सहिष्णुता भएकाले एक उपयुक्त पर्यटकीय गन्तव्य स्थल को रुपमा लिन सकिन्छ । यहाँ झापा, मोरङ, सुनसरी तथा भारतको विभिन्न भूभागको मनोहर दृष्यावलोकन गर्न सकिने गरि यस गाउँपालिकाको वडा नं ७ स्थित धारागोला भ्यु टावर निर्माण सम्पन्न भइ सञ्चालनमा रहेकोछ । यस क्षेत्रलाई पर्यटकीय स्थलमा रुपान्तरण गरी आन्तरीक तथा बाह्य पर्यटकको रोजाईको स्थान बनाउने लक्ष्य राखिएको छ ।

## ३. कर्मचारीको अवस्था/संरचना

बुद्धशान्ति गाउँपालिकाको कार्यालय अन्तर्गत वडा कार्यालयहरु ७, आधारभुत अस्पताल १, स्वास्थ्य चौकी १ र आधारभुत स्वास्थ्य सेवा केन्द्र ६ सञ्चालित रहेको छ । त्यस्तै वडा नं ४ वर्नेमा प्रस्तावित आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालनको लागि कर्मचारी व्यवस्थापनको प्रक्रिया अघि वढेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरवन्दी संरचना वमोजिम गाउँपालिकाको समग्र कर्मचारी व्यवस्थापन भइ आएकोमा आ.व. २०७९/०८० मा गाउँपालिका आफैले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कार्यपालिकाबाट सर्भेक्षण प्रतिवेदन स्वीकृत गरी संरचना र पद दर्ताको लागि प्रदेश निजामति किताबखाना, कोशी प्रदेश, विराटनगरमा लेखि पठाइएको छ ।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हाल गाउँपालिकाको कार्यालय र अन्तरगतका निकायहरुमा देहाय वमोजिम जनशक्ति कार्यरत रहेका छन:

क. गाउँ कार्यपालिकाको कार्यालय: ६७ जना

ख. वडा कार्यालयहरु: २२ जना

ग. शान्तिनगर स्वास्थ्य चौकी: ८ जना

घ. आधारभुत स्वास्थ्य सेवा केन्द्र: ११ जना

ङ. भागिरथा बुद्धशान्ति अस्पताल: ४२ जना

## ४. गाउँ सभा तथा कार्यपालिकाको वैठक

स्थानीय तहको दोश्रो निर्वाचन पश्चात भएको गाउँसभा वैठक संख्या ४ र गाउँ कार्यपालिकाको वैठक संख्या ५९

## ५. गाउँपालिकाले चालु आ.व.मा लिएको नीति तथा कार्यक्रमका आधारहरु

गाउँपालिकाले चालु आर्थिक वर्षमा लिएका नीति तथा कार्यक्रमका प्रमुख आधारहरु यस प्रकार रहेका छन:

क. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानबाट मात्र पालिकाको समग्र विकासको लक्ष्य हाँसिल गर्न असमर्थ हुने भएकोले आन्तरिक स्रोतको अधिकतम् परिचालन गर्ने,

ख. कृषि उत्पादनमा वढोत्तरी र विकास निर्माणलाई तिव्रता दिइ स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने ।

ग. स्रोतको मितव्ययी प्रयोग गर्दै आर्थिक उपलब्धि तथा विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने,

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधवारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

घ. गुणस्तरीय शिक्षा र स्वास्थ्यको प्रवर्द्धन तथा स्वच्छ खानेपानीमा सवै नागरिकको पहुँच कायम गरी स्वस्थ, शिक्षित, सभ्य र मर्यादित समाजको निर्माण गर्ने।

ङ. समग्र र सन्तुलित विकासको लागि सुरु गरिएका साथै गरिने आयोजना तथा कार्यक्रमहरू तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने,

च. आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गरी फजुल खर्च नियन्त्रण गर्दै वित्तीय अनुशासन कायम राख्ने । अनुत्पादक क्षेत्रमा गरिने लगानी नियन्त्रण गरी उत्पादनशील र रोजगारमूलक क्षेत्रमा लगानी बढाउने,

छ. सूचना प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहमा सुधार गरी सुशासन, जवाफदेहीता र पारदर्शीता कायम गर्ने ।

**ज.** आयोजना छनौट, सञ्चालन र व्यवस्थापनमा दोहोरोपना आउन नदिन आवश्यकता, औचित्यता र स्रोतको उपलब्धताको आधारमा आयोजनाको वर्गीकरण र प्राथमिकीकरण गरी कार्यान्वयनको प्रबन्ध मिलाउने।

**६. वजेटको अवस्था**

चालु आ.व. २०८०/०८१ को लागि गाउँसभाले देहाय वमोजिम वजेट स्वीकृति गरेको छः

**क. आय तर्फः**

a. संघीय समानिकरण अनुदान — १३,६०,००,०००।
b. संघीय राजस्व बाँडफाँड —९,६९,८७,८००।
c. संघीय सशर्त अनुदान — २२,३६,८३,०००।
d. संघीय विशेष अनुदान — १,६०,००,०००।
e. संघीय समपुरक अनुदान — ५०,००,०००।

**संघ सरकारबाट प्राप्त जम्मा रु ४७,७६,७०,८००।**



बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

f. प्रदेश समानिकरण अनुदान — ८७,०७,०००।

g. प्रदेश राजस्व बाँडफाँड — ५०,३५,०००।

h. प्रदेश सशर्त अनुदान — १,२३,१०,०००।

i. प्रदेश समपुरक अनुदान — १,००,००,०००।

**प्रदेश सरकारबाट प्राप्त जम्मा रु ३,६०,५२,०००।**

j. आन्तरिक श्रोत (गतको मौज्दात) — ३,७०,२७,७४८।९२

k. आन्तरिक राजस्व — २,७७,४६,५००।

l. राजस्व बाँडफाँड(स्थानीय) — ३,०२,१८,७५१।०८

**स्थानीय राजस्व परिचालनबाट प्राप्त हुने अनुमानित रकम जम्मा रु ९,४९,९३,०००।**

**आय तर्फ कुल अनुमान जम्मा रु ६०,८७,१५,८००।**

**ख.व्यय तर्फ**

कुल चालु खर्चः २६,४०,२४,९४७।९१

कुल पुँजीगत खर्चः १०,०६,६५,९९०।१०

कुल खर्चः ३६,४६,९०,९३८।०१

**ग. प्राप्त आम्दानी र खर्चको विश्लेषण**

आय तर्फको कुल अनुमान ६०,८७,१५,८०० रहेकोमा हालसम्म रु ४९,३४,२८,८०८।५१ मात्र गाउँपालिकाको कोषमा प्राप्त हुन आएको छ । आर्थिक वर्ष सकिन ४५ दिन रहेको अवस्थामा हालसम्म बार्षिक अनुमानको ८१ प्रतिशत मात्र आय प्राप्त भएको अवस्थामा वार्षिक विनियोजन वमोजिमका सम्पुर्ण कार्यक्रमहरु चालु आवमा सम्पन्न भइ भुक्तानी हुन नसक्ने देखिन्छ । संघीय सरकारबाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान तर्फ रु ३ करोड



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

Scanned with CamScanner

५३ लाख ६० हजार रकम कटौति भएको र राजस्व वाडफाँड तर्फ हालसम्मको प्राप्त रकमको अनुपात विश्लेषण गर्दा करिव २ करोड ३० लाख वजेट प्राप्त हुन नसक्ने देखिन्छ । यसरी संघीय सरकारबाट प्राप्त वजेट सिलिङमा ५ करोड ८० लाख भन्दा वढी वजेट कटौती हुंदा आन्तरिक आय न्युन रहेको यस गाउँपालिकाका स्वीकृत कार्यक्रम प्रभावित हुन जाने देखिएको छ ।

**७. चालु आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमको जानकारीः**

a. चालु आर्थिक वर्षमा ठेक्का सम्झौता भएको आयोजना — ११ वटा
b. ठेक्का मार्फत सम्पन्न भएका आयोजना — २ (प्रगतिकृषि सडक र भोटेटार कृषि वजार)
c. निर्माणको अन्तिम चरणमा रहेका आयोजना — ९
d. गत आव देखि क्रमागतमा रहेका आयोजना — ६
e. क्रमागत मध्ये सम्पन्न आयोजना — ३ (दामाखोला पुल र वुधवारे क्षेत्र कालोपत्रे सडक र अस्पताल भवन)
f. निर्माणाधिन क्रमागत आयोजना — २ (व्यवसायीक भवन र गापा कार्यालय भवन)
g. क्रमागत रहेको मध्ये रुग्ण आयोजना — १
h. **चालु आ.व.मा उपभोक्ता समितिबाट सञ्चालित आयोजनाः**
   i. सम्झौता सम्पन्न — ३१२ वटा
   ii. सम्पन्न भएका — १८२
   iii. निर्माणको चरणमा / सम्पन्न हुन वाँकी — १३०

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

**८. चालु आवमा सम्पन्न केहि महत्वपुर्ण आयोजनाः**

a. दामाखोला पुल निर्माण वडा नं १

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

b. वुधवारे क्षेत्रका विभिन्न ८ वटा कालोपत्रे सडक निर्माण - ३.४ किलोमिटर
c. प्रगति कृषि सडक वुद्धशान्ति ३
d. भोटेटार कृषि वजार वुद्धशान्ति १
e. दुइरिङ्गे-माहानन्द-गलानचोक कालोपत्रे सडक वडा नं २ र ३
f. खानेपानी ट्याङ्की देखि गलान गाउँ जाने कालोपत्र सडक वडा नं १ र २
g. भागिरथा वुद्धशान्ति अस्पताल भवन वडा नं ३

**९. क्रमागत / सञ्चालनको चरणमा रहेका महत्वपुर्ण आयोजनाहरु**

a. सडक यातायात गुरुयोजना तर्जुमा
b. गाउपालिकाको प्रशासनिक भवन निर्माण
c. व्यवसायीक भवन निर्माण
d. आदर्श मावि जयपुर विद्यालय भवन निर्माण
e. इन्सिनिरेटर सहितको ल्याण्डफिल साइट निर्माण
f. महानन्द जनसमुह पैनी (सिंचाई कुलो निर्माण) वुद्धशान्ति ६
g. गोलाटार सिंचाई कुलो निर्माण वडा नं ६
h. आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं ४
i. गाउँपालिका भित्रका विभिन्न पेभल्स व्लक सडक निर्माण - जम्मा २.७ किलोमिटर
j. हरित पार्क पर्यटकिय क्षेत्र स्तरोन्नति वडा नं ७

**१०. गौरवका आयोजनाहरु**

a. गाउपालिकाको प्रशासनिक भवन निर्माण
b. व्यवसायीक भवन निर्माण
c. इन्सिनिरेटर सहितको ल्याण्डफिल साइट निर्माण
d. भागिरथा वुद्धशान्ति अस्पताल भवन वडा नं ३
e. वहुपक्षिय साझेदारीमा आपतकालिन उद्धार केन्द्र निर्माण



विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

११. **गाउँपालिकाको पहलमा निर्माणाधिन आयोजनाहरु**

a. कोल्वुङे डाँडा देखि रमिते डाडा जोड्ने टिमाइ खोला झोलुङ्गे पुल निर्माण

b. कमलाधाम मन्दिर परिसरमा किरियापुत्री भवन निर्माण

c. जगतगुरु गेटबाट वुधवारे चोक सम्म मेची राजमार्ग विस्तार आयोजना

d. कृषि एम्वुलेन्स र उन्नत जातका गाइ

१२. **केहि अनुकरणीय/नविन अन्य कार्यक्रमहरुः**

क. भागिरथा बुद्धशान्ति अस्पताल र शान्तिनगर स्वास्थ्य चौकी लगायत आधारभुत स्वास्थ्य सेवा केन्द्रमा नियमित चेकजाँच गराएका गर्भवती महिलाहरुलाई प्रशुती सेवाका लागि झापा जिल्ला भरिका अस्पतालहरुमा जानका लागि निशुल्क रुपमा एकतर्फी एम्बुलेन्स सेवा बापतको रकम उपलब्ध गराउने गरिरहेको ।

ख. वुद्धशान्तिवासीलाई झापा जिल्ला भित्र निशुल्क शववाहनको सेवा उपलव्ध गराइएको ।

ग. सुनौलो १००० दिनका आमाहरुलाई सुत्केरी पोषण कार्यक्रम अन्तर्गत नेपाल सरकारद्वारा सुचिकृत आमा सुरक्षा कार्यक्रम संचालनमा रहेका अस्पतालहरुमा Delivery गराए बापत प्रत्येक गर्भवती महिलालाई (२ पटक मात्र) सुत्केरी पोषण खर्च बापत प्रोत्साहन रकम उपलब्ध गराउदै आएको ।

घ. भागिरथा वुद्धशान्ति अस्पतालबाट प्रदान गरिदै आएको सेवालाई थप सुदृढ र विस्तारित गरिएको । हालै विशेषज्ञ सेवा सहित ECHO सेवा प्रारम्भ भएको ।

ङ. नेपाल रेडक्रस सोसाईटी झापासँगको सहकार्य बुद्धशान्तिबासी नागरिकहरुका लागि निशुल्क रक्त सेवा प्रदान गरिएको ।

च. शान्तिनगर स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरको लागि एम्बुलेन्स खरिद प्रकृया अन्तिम चरणमा रहेको ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

छ. घातक रोग ( क्यान्सर रोगी, मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका र मेरुदण्ड पक्षघातका  बिरामीहरुलाई मासिक रुपमा प्रदान गरिरहेका उपचार खर्च बापतको रकम निरन्तर प्रदान गरिएको ।

ज. गाँउपालिका अन्तर्गतको भागिरथा बुद्धशान्ति अस्पतालले बीमा सहितको सेवा प्रदान गरिरहेको ।

झ. सवै आधारभुत स्वास्थ्य केन्द्रमा आवश्यक उपकरण सहित ELMIS को सञ्जालमा जोडिएको ।

ञ. रोजगार सेवा केन्द्रवाट बैदेशिक रोजगारको लागि श्रम स्वीकृतिको प्रकृयामा सहजीकरण ३१० जना ।

ट. बेदैशिक रोजगारीको क्रममा मृत्य भएका व्यक्तिलाई क्षतिपुर्ति र पारिवारिक स्वास्थय उपचारको लागि बैदेशिक रोजगार वोर्डबाट पाउने आर्थिक सहायताको लागि (fewims system) अनलाइनबाट सहजीकरणको संख्या ३ जना ।

ठ. प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचीकृत भइ योजनाको काममा खटिएर योजनास्थलमा गम्भीर दुर्घटनामा परेका २ जना श्रमिकलाई औषधि उपचार खर्चको लागि वीमा कम्पनीबाट श्रमिकको वैक खातामा सिधै आर्थिक सहायता उपलब्ध गराईएको ।

ड. चालु आ वमा जम्मा ३५ वटा विभिन्न विकास निर्माण र सरसफाइका योजनाहरुमा ८५ जना वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिइएको ।

ढ. २०७५ देखि हालसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमवाट जम्मा १०५९ जनाले रोजगार पाएका।

ण. खाने तेलमा आत्मनिर्भर वनाउन तोरी उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी ६ स्थानमा तेल फील्टर गर्ने मेसिन सहितको तोरी मिल जडान गर्ने कार्य शुरु गरिएको ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबार, झापा
कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

त. कृषि यान्त्रीकीकरणको माध्यमवाट उत्पादन लागत कम गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न बिभिन्न कृषि यन्त्र उपकरण वितरण गरिएको ।

थ. कृषि संकलन केन्द्रको निर्माण भइरहेको वडा नं ६ र ७

द. मरिच खेति प्रवर्द्धनका लागी नर्सरी स्थापना गरी आगामी बर्षदेखि क्षेत्र विस्तार र प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्य रहेको

ध. बास्तविक कृषक पहिचानका लागी किसानहरुको सूचिकरण गरी सबै कृषकहरुको विवरण अनलाइन इन्ट्रि भइसकेको ।

न. कृषकहरुलाई परिचय पत्र वितरण गर्ने अवस्था पुगिसकेको वखत जग्गाको वर्गिकरण भएकोले धेरै कृषकहरुको जमिन आवासमा वर्गिकृत भएकोले समस्या उत्पन्न भएको ।

ऩ. कृषि मन्त्रालयवाट किसान परिचय पत्र वितरण सम्वन्धी मापदण्ड प्राप्त हुनासाथ परिचयपत्र वितरण गर्ने अवस्थामा रहेको । वास्तविक कृषकहरुले मात्र अनुदान प्राप्त हुने अवस्था निर्माण गर्न लक्ष्य लिइएको ।

प. पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन

फ. विद्यालयहरुलाई अभिभावकको चाहना अनुरुपको अंग्रेजी माध्यममा पठनपाठन गर्न प्रोत्साहन गरिएको

ब. शैक्षिक क्यालेन्डर बनाइ कार्यान्वयन भइरहेको

भ. कक्षा १ देखि १० सम्मको अन्तिम परीक्षा पालिकास्तरबाट सञ्चालन गरिएको

म. सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रम

य. लम्पिस्किन रोग नियन्त्रण तथा भ्याक्सिन कार्यक्रम

र. खोरेत, पि.पि.आर. स्वाइन फिवर तथा रेविज विरुद्धको निशुल्क भ्याक्सिन कार्यक्रम

ऱ. अपाङ्गता सहायता कक्ष बाट अपाङ्गता भएका व्यक्तिहरुलाई सहज सेवा प्रदान गरिएको।

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ल. वडा नं ३ मा ३३ जना मन्टेश्वरी तालिम सञ्चालन गरिएकोमा तालिम लगत्तै ३ जना रोजगार प्राप्त गरेका ।

. अपाङ्गता परिचय पत्र लिन कार्यालयमा आउन नसक्नेका लागि घर घरमा गएर वितरण गरिएको । वडा चौतारीमा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको ।

. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आव २०७७/०७८ देखि ३ आर्थिक वर्षमा जम्मा २९३ जना नागरिकले सीप विकास तालीम लिइ १५३ जनाले स्वरोजगार / रोजगार प्राप्त गरेका । अभिलेखमा आएका तालिम प्राप्त नागरिकको यो तथ्याङ्क हेर्दा कुल तालीम लिएका उद्यमीको ५२.२१% ले रोजगार प्राप्त गरिसकेको अवस्था देखिन्छ ।

व. कार्यालयले उपलव्ध गराएको तालिम लिएर स्वयं प्रशिक्षक भई २७ जना काम गरिरहेको । यो संख्या कुल तालीम लिएका उद्यमीको ९.२१% हुन आउछ ।

श. चालू आर्थिक वर्ष २०८०।०८१ मा आधारभूत सीप विकास तालीम ५२ जना र Advance सीप विकास तालीम २४ जनाले लिएका।

ष. नेपालमै पहिलो पटक अव्यवस्थित वसोवासीहरुलाई जग्गा धनि प्रमाणपुर्जा वितरणको कार्य प्रारम्भ गरिएको । ४२ जना वडा नं २

स. हाल ६२०० जनाको निवेदन कम्प्युटर प्रणालीमा रजिष्टर भइ सो वमोजिमको जग्गा नापजाँच गर्न DGPS-RTK प्रविधि मार्फत करिव १२००० कित्ता जग्गा नाँपजाँच सम्पन्न गरिएको ।

ह. चालु आर्थिक वर्षमा यस गाउँपालिकाको भू उपयोग वर्गिकरणको कार्य सम्पन्न गरी करिव १ वर्ष देखि रोकिएको जग्गाको कारोवार खुलाइएको ।

कक. भूमिकर / मालपोतलाई वैज्ञानिक वनाउदै कृषि क्षेत्रमा संलग्न नागरिकलाई प्रोत्साहन गर्न एवं भूमिको खण्डिकरणलाई निरुत्साहित गर्न कृषि क्षेत्रमा वर्गिकृत जग्गाको मालपोत करमा ४० प्रतिशतले न्यूनिकरण गरिएको ।



बुधबारे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

खख. गाउँपालिका स्थापना भएदेखि ५ आ.व.मा कायम भएको वेरुजुलाई सार्वजनिक लेखा समितिले छानविन गरी तिर्नु बुझाउनु पर्ने वेरुजु असुल उपर तथा प्रमाण नपुगी अनियमित भएको वेरुजुलाई प्रमाण पेश गरी आव २०७९/८० को मलेप डोरबाट २ आर्थिक वर्षको ४ करोड ४९ लाख १६ हजार वेरुजु फछ्यौंट गरिएको । बाकी ३ आर्थिक वर्षको वेरुजु मलेपको अन्तिम प्रतिवेदनबाट फछ्यौंटको चरणमा रहेको ।

**१३. आगामी वर्षको लागि सुधारका कार्ययोजनाः**

सिमित श्रोत र साधनबाट नागरिकका चाहना र आवश्यकताको सम्वोधन गर्नु पर्ने हाम्रो वाध्यता रहेको छ । प्राप्त श्रोतको उच्चतम उपयोग गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि गर्नु आजको आवश्यकता हो । उपलव्ध सिमित श्रोत र साधन अनुत्पादक क्षेत्रमा खर्च नहोस भन्ने कुरामा गाउँपालिका सचेत छ । त्यसैले गाउँपलिकाले गत वर्ष आवधिक योजना तर्जुमा गरी स्वीकृत गरिसकेको अवस्था छ । त्यस्तै गरी चालु आवमा गाउँपालिकाको सडक यातायात गुरुयोजना तर्जुमाको काम अन्तिम चरणमा रहेकोछ। सडक यातायात गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन तयार भएकोछ । गाउँपालिकाको आवधिक योजना र सडक यातायात गुरुयोजनाको प्रारम्भिक प्रतिवेदनले आगामी आर्थिक वर्षको वजेट निर्माणको मार्गदर्शन गर्नेनै छ। हामी आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमाको संघारमा छौ । गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र वजेट तर्जुमाका सम्वन्धमा सुझाव संकलनका लागि सर्वपक्षीय छलफल कार्यक्रम सम्पन्न गरेको र उक्त कार्यक्रमबाट प्राप्त सुझावलाई सम्वन्धित विषयगत समितिमा गम्भिर ढङ्गबाट छलफल भएको छ । नीति तथा कार्यक्रमलाई प्रभावकारी र कार्यान्वयन योग्य वनाउन विषयगत समितिहरुले आआफ्नो विषयक्षेत्रमा घनिभुत छलफल गरिरहेको छ । आवधिक योजना र सडक यातायात गुरुयोजनालाई आधार लिएर वार्षिक नीति तथा कार्यक्रम अनुरुपको वार्षिक वजेट तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकार प्रतिवद्ध छ ।

विनोद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

जवसम्म आन्तरिक राजस्वको अवस्था कमजोर हुन्छ तवसम्म हामी केन्द्र र प्रदेश सरकारको मुख ताक्न वाध्य हुन्छौ । त्यसरी संघ र प्रदेश सरकारको श्रोतमा निर्भर रहदा स्थानीय सरकारको वजेट तर्जुमामा समेत संघ तथा प्रदेश सरकारको नीति र मापदण्ड पूर्ण रुपमा लागू गर्नु पर्दछ । गाउँपालिकाले चाहेर पनि कतिपय क्षेत्रमा लगानी गर्न नसक्ने अवस्था हुन्छ । तसर्थ पालिकालाई तिर्नु वुझाउनु पर्ने कर दस्तुर शुल्क समयमै वुझाई आन्तरिक राजस्वमा गाउँपालिकालाई स्ववलम्वी र आत्मनिर्भर वनाउन सवै उद्योगी व्यापारी तथा आम नागरिकलाई आग्रह गर्दछौ ।

स्थानीय सरकारको कार्यक्रममा स्थानीय श्रोत, साधन, सीप र जनशक्तिको अधिकतम परिचालन गरी स्थानीय रोजगारी सिर्जना गर्नु हामी सवैको दायित्व हो । पालिकास्तरमा रहेका सवै उपभोक्ता समिति तथा रोजगारदाताहरुले कुनै आयोजनाको काममा अदक्ष कामदार चाहिने अवस्थामा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिलाई काममा परिचालन गरी स्थानीय रोजगार प्रवर्द्धनमा टेवा पुर्याइदिनु हुन समेत अनुरोध गर्दछौ ।

अन्त्यमा, नीति तथा कार्यक्रम र वजेट तर्जुमा अघि तय गरिएको यो सार्वजनिक सुनुवाई कार्यक्रम आगामी वर्षको लागि ठोस कार्यक्रम तर्जुमा र सोको सफल कार्यान्वयनको लागि कोशेढुङ्गा सावित हुन्छ भन्ने पूर्ण विश्वास लिएका छौ । सिमित श्रोत र साधनबाट सञ्चालित कार्यक्रमको पूर्ण सफल कार्यान्वयन गरी सम्वृद्ध गाउँपालिका निर्माणको लागि हरेक नागरिकको चासो, साथ र सहयोगको आवश्यकता पर्दछ । गाउँपालिकाले कार्यक्रम तर्जुमा गर्दै जाने तर त्यसमा स्थानीय नागरिकको चासो, साथ र सहयोग नरहने अवस्थामा कार्यक्रममा नागरिकको अपनत्व कायम नहुने र कार्यक्रमको सफल कार्यान्वयन र दिगोपनामा समेत वाधा उत्पन्न हुनसक्छ ।

हालसम्म गाउँपालिकाबासी सचेत नागरिकबाट प्राप्त हरेक विषयसँग सम्वन्धित सल्लाह सुझावलाई हामीले सकरात्मक रुपमा ग्रहण गरेका छौ । अवका दिनमा समेत रचनात्मक सल्लाह, सुझाव, साथ र सहयोगको अपेक्षा लिएका छौ ।

धन्यवाद !!!

बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुधबार, झापा कोशी प्रदेश, नेपाल

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner